पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरु
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे

सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ६२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत ३ गते आइतबार ❑ 16 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## पोखरामा होटल अकुपेन्सी ४० प्रतिशत

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

पर्यटनको राजधानि पोखरामा हाल होटल अकुपेन्सी करिब ४० प्रतिशत रहेको छ।

पर्यटनको दोश्रो सिजनको रुपमा मानिने (मार्च, अप्रिल र मे) को सिजन सुरु भएसंगै पोखरामा हाल होटल अकुपेन्सि करिब ४० प्रतिशत रहेको होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनु भयो।

पोखरामा हाल भारतिय करिब १०, तेश्रो मुलुकका पर्यटक करिब १० र आन्तरिक पर्यटक भने २० प्रतिशत जसो रहेको उहाँले उल्लेख गर्नुभयो। होली पर्वको दिनमा पोखराको लेकसाइडको सडकै भरी देखिएको थियो नी भन्ने प्रश्नमा अध्यक्ष सुवेदीले पोखरामा होटलहरुको सङ्ख्या बृद्धि भएसंगै पर्यटक अघिल्ला बर्षका तुलनामा बढेको हुन सक्ने जनाउनु भयो। हिमाल तर्फ यस सिजनमा हिउँ खासै नपर्ने मौसम भएकोले गर्दा विभिन्न पदमार्गमा जाने पर्यटकहरुको सङ्ख्या समेत अब बढ्ने अध्यक्ष सुवेदीले विश्वास व्यक्त गर्नुभयो। कोभिड पछि आफुहरुले अपेक्षा गरे अनुसारका पर्यटनको मुख्य सिजन मानिने सेप्टेम्वर, अक्टुवर र नोवेम्बर अग्रेंजी महिनामा समेत कम आउन थालेको उहाँको भनाई थियो। पोखरा महानगरले सन् २०२५ मा पोखरामा आन्तरिक तथा बाह्यि गरी २० लाख पर्यटक भित्राउने लक्ष्यलाई सफल पार्न संघले जनवरी देखि आउँदो डिसेम्बरसम्म होटल आवासमा २० प्रतिशत छुटको व्यबस्था गरिएको सुवेदीले उद्घोष गर्नुभयो। संघमा आबद्ध पोखरा सहितका क्षेत्रमा ४ सय २५ वटा होटलहरु रहेका छन भने पोखरा सहित पोखरा आसपासमा पर्यटकीय स्तरका करिब १ हजार २ सयको हारहारीमा होटलहरु रहेको बताइन्छ। नेपाली नयाँ बर्षको अवसरमा संघले पोखरामा पर्यटकलाई स्वागत गर्न केही समय अघि पूर्वसम्मको भ्रमण गरी निम्तो दिएको छ भने केही समय पछि पश्चिम हुदै भारतको वोर्डर सिटिहरुसमम पुग्ने योजना बनाएको छ।

गर्मीले बेहाल चलो नेपाल अभियानका साथ भारतका विभिन्न शहरमा संघले अभियान लियर जाने भएको छ। महानगरले सुरु गरेको पोखरा भ्रमण बर्ष नीजि क्षेत्रको लागि भएकोले उक्त अभियानलाई सफल पार्न होटल संघ पनि पर्यटकीय विभिन्न गतिविधिमा सहकार्य र समन्वय गर्दै अघि बढ्ने अध्यक्ष सुवेदीले बताउनु भयो। भाइनाको सिचुवान एअरलान्सले चैत ५ गते देखि सुरु गर्ने व्सायी चार्टर्ड हवाई उडानको अभियानलाई सफल पार्न संघको टोली समेत चिनको छेन्दु सहभागि हुने भएको छ। यसैबिच, नेपाली नयाँ बर्षको स्वागतका लागी २० औं संस्करणको फेवा नव बर्ष महोत्सव यही चैत ३० देखि वैशाख १ गते सम्म हुने भएको छ।

## विपद् व्यवस्थापन प्रदेश सरकारको प्राथमिकतामा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ चैत




गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विपद्बाट हुने क्षति घटाउन, सुरक्षा व्यवस्था सुदृढ तुल्याउन र सरोकार भएका निकायको क्षमता अभिवृद्धिमा आफ्नो ध्यान केन्द्रित रहेको बताउनुभएको छ।

प्रदेश सरकारको सहयोगमा नेपाली सेनाको २३ नम्बर बाहिनीले आज म्याग्दीको मङ्गला गाउँपालिका-२ लाम्पाटा र वडा नं ५ हाडेभिरमा आयोजना गरेको प्रदेशस्तरीय विपद् प्रतिकार्य नमूना अभ्यास कार्यक्रममा उहाँले विपद्बाट हुने क्षति घटाउन आवश्यक पर्ने पूर्वाधार निर्माण गर्नु आफ्नो पहिलो प्राथमिकता हो भन्नुभयो। "भौगोलिकविविधतायुक्तगण्डकीमा बाढीपहिरो, डुबान, आगलागी, हिउँपहिराको जोखिममा रहेका स्थानको पहिचान गरी विपद्को पूर्वतयारी, प्रतिकार्य र व्यवस्थापनका लागि सुरक्षा र सरोकार भएका निकायको क्षमता बढाउन प्रदेश सरकारले नेपाली सेनालगायत सङ्गठित सङ्घसंस्थाहरुसँगको सहकार्यमा जोड दिएका छौँ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो। नेपाली सेनाको पश्चिम पृतनाका प्रमुख मधुकरसिंह कार्कीले विपद् व्यवस्थापनमा परिचालन हुने सुरक्षाकर्मीको क्षमता विकासका साथै समुदायस्तरमा चेतना अभिवृद्धिका लागि नमूना अभ्यास गरिएको बताउनुभयो।

प्रतिनिधिसभा सदस्य खमबहादुर गर्बुजा, गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारी, प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकाल, स्थानीय तहका जनप्रतिनिधि,सुरक्षा अधिकारीहरुकोउल्लेख्यउपस्थिति रहेको नमूना अभ्यास प्रदर्शनीको स्थानीयवासीले अभिरुचिपूर्वक अवलोकन गरेका थिए। नेपाली सेनाको टोलीले विपद् प्रतिकार्यका १० वटा अभ्यास प्रस्तुत गरेको थियो।

## 'कांग्रेस कसैको पनि सेवा सुविधा बढाउने पक्षमा छैन'

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले कसैको पनि सेवा सुविधा बढाउने पक्षमा पार्टी नरहेको बताउनुभएको छ।

नेपाली कांग्रेस केन्द्रीय सूचना, सञ्चार तथा प्रचार विभागद्वारा आयोजित गण्डकी प्रदेशस्तरीय 'राष्ट्र निर्माणमा युवाको योगदान, तथ्यमा आधारित प्रचार अभियान' को शनिबार पोखरामा उद्धाटन गर्दै उहाँले यस्तो बताउनुभएको हो।




पार्टी केन्द्रीय सदस्य महतले पूर्वपदाधिकारीको सेवा सुविधा बढाउने लागेको भन्दै सरकार र कांग्रेसको आलोचना भइरहेकाले यस्ता कुराका पछि नलाग्न आग्रह गर्नुभयो। आर्थिक रुपान्तरणको एजेन्डालाई सशक्त बनाउनुपर्नेमा जोड दिँदै उहाँले युवाका लागि देशमै अवसर सिर्जना गर्नेतर्फ सरकार लाग्नुपर्ने बताउनुभयो। विभागका प्रमुख मीन विश्वकर्माले कांग्रेसले देशका सबै तहमा बहुमत नेतृत्व गरिरहेका अवस्थामा पनि निराशका कुरा बढी हुनु राम्रो नभएको बताउनुभयो। उहाँले पार्टी नेतृत्वमा भएका कामको प्रचारमा जुट्न र पार्टीभित्रै एकले अर्कालाई आलोचना गर्ने प्रवृत्ति हटाउन आग्रह गर्नुभयो। कांग्रेस केन्द्रीय सदस्य एवं गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पार्टीमा आन्तरिक अनुशासन हराउँदै गएको भन्दै अनुशासन कायम गराउनका लागि आचारसंहिता लागू गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। पार्टी केन्द्रीय सदस्य शङ्कर भण्डारीले पार्टीको इतिहासलाई कायम राख्न र संविधान निर्माणका सन्दर्भमा व्यक्त अभिमतलाई आत्मसात् गरिनुपर्ने बताउनुभयो।

कांग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले पार्टीको ऐतिहासिक मूल्य मान्यतालाई आत्मसात् गर्न नसक्दा पार्टीलाई कमजोर बनाउनेतर्फ गम्भीर बन्न आग्रह गर्नुभयो। कार्यक्रममा कांग्रेसको इतिहास र पार्टी नेतृत्वमा भए गरेका तथ्यगत विवरण सम्बन्धमा डा जगत नेपाल र हरिबहादुर थापाले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य शारदा पौडेल, आङ्गेलु शेर्पा, गुरु बराल, सीता देवकोटा, सरस्वती अर्याल, कास्की जिल्ला सभापति किशोरदत्त बराल, तनहुँ जिल्ला सभापति जितप्रकाश आले, केन्द्रीय प्रचार विभागका सदस्य एवं कार्यक्रम संयोजक गङ्गाधर पराजुलीलगायतले युवाको विदेश पलायन रोक्ने र यही अवसर सिर्जना गर्ने किसिमका कार्यक्रम ल्याउनुपर्ने आवश्यकता औँल्याउनुभएको थियो।

## शैक्षिक उन्नयनमा निवृत्त शिक्षकको अनुभव उपयोगी: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत



गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले नेपालको शैक्षिक उन्नयनमा सेवा निवृत्त शिक्षकको अनुभव सदुपयोग गर्न जरूरी रहेको बताउनुभएको छ।

निवृत्त शिक्षक समुदाय, कास्कीको २४ औं वार्षिक साधारणसभालाई सम्बोधन गर्नुहुँदै प्रमुख अतिथि भट्टले शिक्षण पेशालाई अझ बढि सामाजिक हैसियत प्रदान गर्न आवश्यक रहेकोमा जोड दिनुभयो। 'निवृत्त शिक्षक समुदायले पेसागत अधिकारको मात्र नभएर शैक्षिक, सामाजिक क्षेत्रमा पनि उल्लेखनीय कार्य गर्दै आएको पाएको छु।' उहाँले भन्नुभयो - 'हामीसँग विज्ञ शिक्षक छन्, राम्रा प्रशिक्षक छन्। सरकारका तीनै तहले सदुपयोग गरेर राष्ट्रहितमा शिक्षकका अनुभवलाई उपयोग गरी शैक्षिक गुणस्तर उन्नयनमा लगाउन आवश्यक छ।'

देशको कर्णधार तयार गर्ने र मुलुकका महत्वपूर्ण परिवर्तनहरुमा अहम् भूमिका निर्वाह गर्ने शिक्षकहरुले अवकासपछि पनि सम्माननीय र सुरक्षित जीवन यापन गर्नसक्ने राम्रो वातावरण बनाउनुपर्ने उहाँले बताउनुभयो। शिक्षकको सम्मान नहुने समाजलाई उत्कृष्ट र शिक्षित समाज भन्न नसकिने उहाँको भनाई छ। उहाँले भन्नुभयो-'प्रत्येक मानिसले जीवनभर कुनै क्षेत्रको सेवा गरेपछि जीवनका उत्तरार्द्धमा आर्थिक तथा हरेक कोणबाट आफू सुरक्षित बन्ने अपेक्षा राखेका हुन्छन्। सेवा निवृत्त शिक्षकहरुले आफ्नो परिचयपत्र बोकेर आफूले समाज र सिङ्गो देशलाई पुर्‍याएको योगदानप्रति गर्व गर्नसक्ने अवस्था निर्माण गर्नुपर्नेछ।'प्रदेश प्रमुख भट्टले निवृत्त शिक्षकहरूले निजामति कर्मचारी सरह सेवासुविधा माग गर्दै आएकोबारे आफू जानकार रहेको बताउँदै शिक्षा ऐन संसद्को यही अधिवेशनबाट जारी गर्ने गरी संघ सरकारले काम अगाडि बढाइरहेको उल्लेख गर्नुभयो। ऐनमा समेट्ने विषयमा एकमत बनाउन लागि निवृत्त शिक्षक समुदायहरूको पनि प्रमुख भूमिका रहने उहाँको भनाई छ। प्रदेश प्रमुख भट्टले जीवनको १४ वर्ष आफू पनि शिक्षा क्षेत्रसँग संलग्न रहेको अनुभव बाँड्नुभयो।

निवृत्त शिक्षक समुदायले स्थापनकालदेखि नै संस्थाले सुधार र शिक्षक हकहितका लागि भएका थुप्रै प्रयासमा सक्रिय भूमिका निर्वाह गरेको थाहा पाउँदा खुशी पनि व्यक्त गर्नुभयो।

## समाजवादी मोर्चाले यही चैत १५ गते जनप्रदर्शन गर्ने

**रासस**
काठमाडौं, २ चैत

समाजवादी मोर्चा नेपालले यही चैत १५ गते काठमाडौंमा जनप्रदर्शन गर्ने भएको छ।

शनिबार ललितपुरमा आयोजित कार्यक्रममा मोर्चाको सचिवालयका सचिव खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड) ले पछिल्लो समय देखिएको अन्योलता र नेपाली जनताका अधिकार कुण्ठित हुने अवस्थाविरुद्ध सन्देश प्रवाह गर्ने उद्देश्यले जनप्रदर्शन गर्ने निर्णय भएको जानकारी दिनुभयो। पत्रकार सम्मेलनमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले समावेशी र समानुपातिक व्यवस्थाका पक्षधरले आमजनतालाई आफ्नो कुरा भन्नका लागि कार्यक्रम आयोजना गरिएको बताउनुभयो। "पछिल्लो पटक सरकारमा हुँदा भ्रष्टाचारविरुद्ध केही राम्रो काम गरेकै हो। पहिले सरकारमा थियौं, अहिले जनताका घरदैलोमा छौं। विगतमा हामीबाट केही त्रुटि भएकै हो, हाम्रा मुद्दा छुट्न गएकै हुन्। यसलाई मनन गरेका छौँ", उहाँले भन्नुभयो।अध्यक्ष दाहालले जनभावना, धर्मसंस्कृतिविरुद्ध नभई लामो सङ्घर्ष र बलिदानीमार्फत प्राप्त उपलब्धि र गणतन्त्रमाथि समस्या सिर्जना नहोस् भन्ने अभिप्राय रहेको बताउनुभयो। नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले नेपाली विशेषताको समाजवादी गणतन्त्र अहिलेको आवश्यकता रहेको बताउनुभयो। नेता नेत्रविक्रम चन्द 'विप्लव सी' ले नेपालका माओवादीलाई एकधारमा ल्याउने अभियान र छलफल चलिरहेको बताउनुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# फोटो पत्रकार संघको पदस्थापन

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

नेपाल फोटो पत्रकार संघ, कास्कीको नयाँ कार्यसमितिको शनिबार पदस्थापन गरिएको छ। फागुन २५ गते संघको नवौं अधिवेशनबाट निर्वाचितहरुलाई सपथसहित पदस्थापन गरिएको हो।

समितिलाई निर्वाचन समितिका संयोजक तथा संघका पूर्वअध्यक्ष कृष्णमणि बरालले पद तथा गोपनियताको सपथ ग्रहण गराएका थिए। भने, प्रेस काउन्सिल नेपालका सदस्य केशवशरण लामिछानेले प्रमाणपत्र प्रदान गरेका थिए।

संघको अधिवेशनले राम गुरुङको अध्यक्षमतामा ७ सदस्यीय कार्य समिति सर्वसम्मत निर्वाचित गरेको थियो। उपाध्यक्षमा राधिका कँडेल, सचिवमा धनबहादुर गुरुङ, कोषाध्यक्षमा युनिश गुरुङ निर्वाचित भएका थिए। भने, गिरीधारी पोखरेल, सञ्जय शाक्य र प्रवेश पोखरेल सदस्य छन्। पदस्थापन कार्यक्रममा प्रेस काउन्सिल नेपालका सदस्य लामिछानेले हरेक सञ्चार माध्यममा फोटो पत्रकार आवश्यक रहेको बताए। फोटो पत्रकारसँग फोटो मागेर काम चलाउनुभन्दा फोटो पत्रकार नियुक्त गर्न सकेमा यो क्षेत्रमा पनि व्यावसायिकता बढ्ने उनको धारणा थियो। 'सबै मिडिया हाउसले फोटो पत्रकारलाई आवद्ध गराउन नसक्नु कमजोरी भएकै हो,' उनले भने, 'यो विषयमा फोटो पत्रकार संघ र मिडिया हाउस बसेर समाधानका उपाय खोज्न आवश्यक छ।'



फोटो भिडियोका जमानामा लेख्ने पत्रकारहरु आफैं सुधारिनुपर्ने उनको भनाइ थियो। फोटो पत्रकार विरुद्धका उजुरी प्रेस काउन्सिल कमै भेटिएकाले यो क्षेत्र नीति नियममा रहेको उल्लेख गरे। 'म आवद्ध संस्थाले आचार संहिता बनाउन, अनुगमन पनि गर्छ र पालना गर्न पनि लगाउँछ,' उनले भने, 'खुसीको कुरा के छ भने फोटो पत्रकारहरुका विरुद्धमा आचार संहिता उल्लघंनका उजुरी परेको मलाई नै थाहा छैन्। यसैबाट थाहा हुन्छ कति फेयर छ भन्न कुरा।' कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बराल, नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य हरिनारायण गौतम, संघका संस्थापन अध्यक्ष घनश्याम पौडेल, पूर्वअध्यक्ष इन्द्रप्रसाद पौडेल, प्रेस क्लब गण्डकीका अध्यक्ष एकराज गिरी लगायतले नवनिर्वाचित टिमले संस्थालाई आगामी दिनमा अझ क्रियाशिल बनाउँदै लैजानुपर्ने बताए।

पोखरामा २०६६ फागुन ५ गते गठन भएको फोटो पत्रकार महासंघ नेपाल, कास्की शाखाका अध्यक्ष एकराज गिरीले आफ्नो संस्था राम गुरुङ नेतृत्वको फोटो पत्रकार संघ कास्कीमा गाभिएको घोषणा गरे। ' अहिलेको अवस्थामा पोखरामा क्रियाशिल फोटो पत्रकारहरु एक भएको सन्देश दिन जरुरी छ,' गिरीले भने, आजैका दिन देखि म अध्यक्ष रहेको संस्थालाई एनपिजए कास्कीमा समाहित जानकारी गराउँछु र खातामा भएको केही रकम पनि प्रक्रिया मिलाएर यही संस्थालाई सहयोग गर्न तयार छु।' यसैबिच, संस्थाको पहिलो बैठकले रिक्त रहेको पद र सल्लाहकार पनि मनोनीत गर्दै १३ सदस्यीय समितिले पूर्णता पाएको अध्यक्ष राम गुरुङले बताए। बैठकले सहसचिवमा दुर्गा रानामगर, सदस्यहरुमा सुदर्शन रञ्जित, सरोज अधिकारी, चेतबहादुर थापा 'प्रविन', सुरेश सुनार र रिखीराम जिसीलाई मनोनीत गरेको हो। संघको सल्लाहकारमा नेपाल पत्रकार महासंघ गण्डकीका अध्यक्ष रमेश पौडेल, संघका संस्थापक अध्यक्ष घनश्याम पौडेल, पूर्वअध्यक्ष कृष्णमणि बराल, इन्द्रप्रसाद पौडेल र निवर्तमान अध्यक्ष दुर्गाप्रसाद पौडेललाई चयन गरिएको अध्यक्ष गुरुङले जानकारी दिए।

# नेकपा एमाले पोखरा १७ ले सुरु गर्‍यो जरा अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

नेकपा एमाले वडा कमिटी पोखरा १७ ले शनिबारदेखि संङगठन विस्तारका लागि टोल केन्द्रित जरा अभियान सञ्चालन गरेको छ।




एमालेका नेता तथा कार्यकर्ता एवम् जनप्रतिनिधि सहित जनताको घरघर पुगेर स्थानीय समस्या पहिचान गरि समाधानमा गर्दै पार्टीलाई जनतासंग जोड्ने अभियानमा जुटेका हुन। पार्टी जनसंगठन तथा नयाँ पार्टी सदस्यता विस्तार र नविकरण गर्दै वडा तहमा पार्टीको उपस्थितिलाई मजवुद बनाउने उदेश्यका साथ अभियानमा जुटेको एमाले १७ का वडा अध्यक्ष विक्रम गुरुङले जानकारी दिनुभयो। उहाँका अनुसार कास्की जिल्ला कमिटीको सर्कुलर अनुसार काउसेघारीस्थित हरियाली टोल कमिटीबाट शुरु गरिएको अभियान चैतको ११ गते विरौटा केन्द्रटोल कमिटीमा पुगेर समापन हुनेछ। वडामा कूल १६ वटा टोल कमिटी रहेका छन्।

अभियानका क्रममा पार्टी नेता तथा कार्यकर्ताको एक टोलीले काउसेघारीस्थित पक्षघात भई लामो समयदेखि विरामी हुनु भएका अग्रज नेता चम्पासिंह गुरुङको घरमा पुगेर उहाँको स्वास्थ्य अवस्थाबारे जानकारी लिएको थियो।

सो अवसरमा गिता गुरुङको अध्यक्षतामा २९ सदस्यीय नेकपा एमाले हरियोली टोल कमिटी काउसेघारी गठन गरिएको छ। नेकपा एमाले कास्कीका उपाध्यक्ष भेषराज बरालले नवगठित टोल कमिटीका पदाधिकारी तथा सदस्यहरुलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउँदै यस क्षेत्रको विकास निर्माणमा पार्टी जिम्मेवार भएर लाग्ने विश्वास व्यक्त गर्नुभयो।

पार्टी वडाअध्यक्ष विक्रम गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा एमाले जिल्ला कमिटी सदस्य एवम् वडा इञ्चार्ज सुभाष ढुङगाना, जनप्रतिनिधि विष्णुमाया भुजेल,स्थानीय सन्तोष गुरुङ, होम वहादुर कुँवर र वडा सचिव उत्तम सिग्देल टोल कमिटी अध्यक्ष गिता गुरुङ लगायतले स्थानीय समस्या ,पार्टीको विचार सिद्धान्त र अभियानको उदेश्यवारे जानकारी गराउँनु भएको थियो।

# अमलाचौर चापडाँडा भेट्रान्स भलिबल प्रतियोगिताको उपाधि युनाईटेड किङ्गलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

फागुन २९ गतेदेखि चैत दुई गते सम्म आर्वामा सञ्चालन भएको प्रथम अमलाचौर चापडाँडा भेट्रान्स भलिबल प्रतियोगिताको उपाधी युनाईटेड किङ्ग क्लब पोखराले हात पारेको छ।



१० भलिबल समूहहरुले भाग लिएको सो प्रतियोगीतामा शनिवार भएको फाईनल खेलमा दमौली साँगे समुहलाई सोझो सेटमा युनाईटेड किङ्गले पराजीत गरी उपाधि चुमेको हो। उपाधीसंगै युनाईटेडले नगद ४० हजार शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्‍यो भने उपविजेता दमौली साङ्गे क्लबले नगद २५ हजार प्राप्त गरेको छ। अमलाचौर चापडाँडा टोल बिकाश संस्था तथा स्थानिय उत्साही युवाहरुको आयोजनामा भएको प्रतियोगीतामा बिभिन्न माध्यमबाट सहयोग पुर्‍याउने व्यक्ति तथा संस्थाहरूलाई सम्मान गरिएको कार्यक्रम संयोजक देबेन्द्र परियारले जानकारी दिए। समापन कार्यक्रमको अध्यक्षता अमलाचौर चापडाँडा टोलबिकाश संस्थाका अध्यक्ष इन्द्रराज बरालले गरेका थिए भने प्रमुख अतिथि पोखरा महानगर पालिका वडा नं १३का जनप्रतिनिधि बलबहादुर बराल, बिशेष अतिथि सुचित तामाङ्ग, रजनी परियर लगायतले विजेता, उपविजेतालाई पुरस्कार एवं सम्मान प्रदान गरेको प्रतियोगिताका आर्थिक संयोजक राम बराल र लक्ष्मण बराले बताए। प्रतियोगितामा वेष्ट प्लेयरमा नरजङ गुरुङ, वेष्ट डिफेन्समा राम छन्त्याल वेष्ट स्पाइकरमा शिव गुरुङ र वेष्ट सेटरमा नविन गुरुङ उत्कृष्ट भएका कार्यक्रम सयोजक देवेन्द्र परियारले पोखरापत्रलाइ वताए।

# बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको रक्तदान

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

बुद्ध विशाल बजार व्यापारिक एशोसियसनले एघारौं पटक आयोजना गरेको रक्तदान कार्यक्रममा ५१ युनिट रगत संकलन भएको छ।

कार्यक्रममा पोखरा उधोग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले पहिलो रक्तदाता बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका सल्लाहकार माधब सिग्देललाई ब्लड ब्याग हस्तान्त्रण गरी कार्यक्रम उद्धघाटन गरेका थिए। कार्यक्रममा बोल्दै प्रमुख अतिथि पोखरा उधोग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले सवैभन्दा ठुलो दान रक्तदान कार्यक्रम आयोजना गरेकोमा एशोसियसनलाई धन्यवाद दिदै आफुले व्यवसायीहरूको हक हितको लागि सधैन आवाज उठाउदै आएको र भविश्य पनि उठाउने बताउदै आफ्नो तर्फबाट एशोसियसनलाई के कस्तो सयोग तथा सल्लाहको आवश्यकता पर्छ सयोग गर्ने आफू प्रतिवद्वता रहेको बताए। रक्तदान कार्यक्रममा बोल्दै बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका निर्वतमान अध्यक्ष तथा मानार्थ सदस्य केशव बहादुर खत्रीले रगत पैसा तिरेर पनि पाँईदैन, पसलमा किन्न पनि पाइँदैन, बेलैमा रगत नपाएमा मान्छेको जीवन जोखिममा पर्ने भएकोले सवैभन्दा ठूलो धान रक्तदान भएको बताउदै खत्रीले बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनले सामाजिक उत्तरदायित्व बहन गर्दै एघारौं पटक रक्तदान कार्यक्रम आयोजना गरेको बताए। कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बरालले बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनले विभिन्न सामाजिक कार्यहरू गरिरहेको बताउदै एशोसियसनलाई धन्यवाद दिएका थिए। कार्यक्रममा जुत्ता व्यवसायी संघ कास्कीका अध्यक्ष हेमकृष्ण श्रेष्ठ कस्मेटिक व्यवसायी संघकी उपाध्यक्ष सरू बराल लगाएतले बोलेका थिए।



बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका अध्यक्ष ईन्द्रराज अर्यालको सभापतित्वमा भएको कार्यक्रममा एशोसियसनका उपाध्यक्ष बुद्धि बहादुर कुंवरले स्वागत मन्तव्य राखेका थिए भने सचिव तथा कार्यक्रम संयोजक थमनसिह गुरूङले धन्यवाद प्रकट गरेका थिए भने एशोसियसनका महासचिव राजु केसीले कार्यक्रम सन्चालन गरेका थिए। कार्यक्रममा बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका प्रवक्ता मनोहरि पौडेल पोखरा उधोग वाणिज्य संघको सदस्यमा मनोनीत भएकोमा र कार्यसमिति सदस्य लक्ष्मण आचार्य कस्मेटिक व्यवसायी संघ कास्कीको अध्यक्षमा हालै निर्वाचित भएकोमा सम्मान गरिएको थियो। कार्यक्रममा रक्त संचार केन्द्र पोखराका प्रादेशिक प्रमुख अर्जुन ज्ञवालीको टोलिले बिशेष सयोग गरेको थियो।

# पोखरा फाइनान्स लिमिटेडका नवनियुक्त प्रमुख कार्यकारी अधिकृतको शपथग्रहण

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

पोखरा फाइनान्स लिमिटेडका नवनियुक्त प्रमुख कार्यकारी अधिकृत प्रकाश गुरुङले पदिय जिम्मेवारीको सपथ लिएका छन।




फाइनान्स सञ्चालक समितिको ५४७ औं बैठकको निर्णय अनुसार २०८१ चैत १ देखि प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त भएका गुरुङले केन्द्रीय कार्यालय, न्यूरोड पोखरामा संस्थाका अध्यक्ष राज कुमार गुरुङबाट पद तथा गोपनियताको शपथ ग्रहण गरेका हुन। कार्यक्रमको प्रारम्भमा वित्तीय संस्थाका अध्यक्ष राज कुमार गुरुङले वित्तीय संस्था तथा नवनियुक्त प्रमुख कार्यकारी अधिकृतका बारेमा संक्षिप्त जानकारी प्रस्तुत गरेका थिए। कार्यक्रममा पोखरा फाइनान्सका अध्यक्ष राजकुमार गुरुङले प्रमुख कार्यकारी अधिकृत गुरुङलाई बधाई तथा शुभकामना दिदै नेपाल राष्ट्र बैंकको निर्देशिकाको अनुपालना तथा संस्थागत सुशासनबाट संस्थाको साख तथा प्रतिष्ठालाई पुन उचाइमा पुर्‍याउन र व्यावसायिक सफलता हासिल गर्न शुभकामना व्यक्त गरेका थिए।

सो अवसरमा नवनियुक्त प्रमुख कार्यकारी अधिकृत प्रकाश गुरुङले पोखरा फाइनान्स लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त भएकोमा खुशी व्यक्त गर्दै हाल संस्थामा रहेको चुनौतीहरुको समाधान गर्दै नेपाल राष्ट्र बैंकको निर्देशिकाको पालना गरी संस्थाको प्रगति तथा संस्थाको निक्षेपकर्ता, कर्मचारी र शेयरधनीको हितका लागि हरदम प्रयत्नशील रहने प्रतिवद्धता समेत व्यक्त गरेका थिए।

# पेट्रोलियम पदार्थको मूल्य घट्यो

**रासस**
काठमाडौं, २ चैत

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेको छ। निगम सञ्चालक समितिको आजको बैठकले शनिबार मध्यरातदेखि लागू हुने गरी पेट्रोलको साबिकको खुद्रा बिक्री मूल्यमा प्रतिलिटर रु पाँच र डिजेल तथा मट्टितेलको मूल्यमा प्रतिलिटर रु चारले घटाउने निर्णय गरेको हो।

मूल्य घटेसँगै पहिलो, दोस्रो र तेस्रो वर्गमा पेट्रोल क्रमशः प्रतिलिटर एक सय ६० रुपैयाँ ५० पैसा, एक सय ६२ रुपैयाँ र एक सय ६३ रुपैयाँ तथा डिजेल/मट्टितेल प्रतिलिटर एक सय ४८ रुपैयाँ ५० पैसा, एक सय ५० रुपैयाँ र एक सय ५१ रुपैयाँ कायम भएको छ। इण्डियन आयल कर्पोरेसशनबाट प्राप्त नयाँ मूल्यसूचीअनुसार पेट्रोल तथा डिजेलको नयाँ खरिद मूल्य घटेर आएकाले स्थानीय बजारमा मूल्य समायोजन गरिएको हो।

# सञ्चारमन्त्री गुरुङद्वारा शोक व्यक्त

**पोखरापत्र संवाददाता**
तनहुँ, २ चैत

सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले पत्नीशोकमा रहनुभएका भिमाद नगरपालिकाका प्रमुख मेखबहादुर थापाको परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्नुभएको छ।

भिमाद नगरपालिका-२ जिलाडस्थित थापा निवास पुगेर सञ्चारमन्त्रीले भोविमाया थापाको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै नगरप्रमुख थापाका शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्नुभएको हो। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपमहासचिवसमेत रहनुभएका सञ्चारमन्त्रीले भोविमाया थापाको निधनबाट पार्टीलाई अपुरणीय क्षति भएको उल्लेख गर्दै उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभयो। नेकपा (एमाले) तनहुँकी सङ्गठित सदस्य थापाको ५६ वर्षको उमेरमा गत शनिबार उपचारका क्रममा निधन भएको हो। उहाँ मिर्गौला रोगबाट पीडित हुनुहुन्थ्यो। सञ्चार तथा सूचना प्रविधिमन्त्रीका साथ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का जिल्ला अध्यक्ष हरिराज कँडेल, गण्डकी प्रदेश कमिटीका पूर्वसदस्य विष्णुभक्त सिग्देल लगायत एमाले नेता थापा निवासमा समवेदना व्यक्त गर्न पुग्नुभएको थियो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरिनेछु ।
- जर्ज बार्वर

## सम्पादकीय

# अब उपभोक्ता गठिनु हुँदैन

नवअधिकारका विषय सरकारसँग मात्र सिमित छैन । उपभोक्ताका अधिकार मानवअधिकार हो । जनताको मौलिक अधिकार हो । सरकारले भन्दा धेरै भाग निजी क्षेत्रले ओगटेको छ । राज्यको भूमिका कम नीजि क्षेत्रको भूमिका धेरै छानागरिकका अधिकार होस या उपभोक्ताको अधिकार सुनिश्चित नीजि क्षेत्रले गर्नुपर्छ । राज्यले कानुन बनाएर उपभोक्ताको अधिकारको कार्यान्वयन हुने वातावरण बनाउनुपर्छ । नीजि क्षेत्रले उपभोक्ताका अधिकार भन्दा सस्तो विज्ञापन गरेर भुलाउने गरेका छन।अब मानवअधिकारको कुरा उपभोक्ताको अधिकारको विषय सबैले बनाउनु पर्छ । विश्व विद्यालय र कलेजमा मात्र पढाई हुने उपभोक्ता अधिकारका कुरा व्यवहारमा आउन सकेका थिएनन् । एकेडेमिक बौद्धिक बहसका कुरालाई सन् १९६२ मार्च १५ मा तत्कालीन अमेरिकी राष्ट्रपति जोन अफ केनेडीको 'कस्टमर बिल अफ राइट्स' अमेरिकी सिनेटमा पारित भएपछि विश्वमा उपभोक्ता अधिकारले मान्यता पायो ।

यद्यपि विकसित मुलुकले मात्र उपभोक्ता अधिकारको सम्मान गरेका र अविकसित र विकासोन्मुख मुलुकले नस्वीकार्दा १९८५ अप्रिल ९ मा संयुक्त राष्ट्रसंघले अनुबन्ध नै पारित गरी सदस्य राष्ट्रलाई दबाब दियो । तत्पश्चात् राष्ट्रसंघका सबै सदस्य राष्ट्रले उपभोक्ताका हितमा ऐन नियम बनाएर लागू गरे । यसै क्रममा नेपालमा पनि २०५४ सालमा उपभोक्ता संरक्षण ऐन जारी भई लागू भयो । हाल उक्त उपभोक्ता संरक्षण ऐन मौलिक कानुनका रूपमा संशोधन र परिमार्जन भई लागू भएको छ । विश्वमा मार्च १५ मा विश्व उपभोक्ता अधिकार दिवस मनाउने चलन छ । नेपालमा पनि राष्ट्रिय नारासहित दिवस मनाइएको छ । नेपालमा उपभोक्ता अधिकारकर्मीहरुले "स्वच्छ र प्रतिस्पर्धी बजारः उपभोक्ता संरक्षणको दिगो आधार "भन्ने नाराका साथ मनाएका छन।उपभोक्ताका संवैधानिक र कानुनी अधिकारका बारेमा पैरवी गर्ने दिन पनि हो । उपभोक्तावादका चार सर्वमान्य सिद्धान्त छन् । पहिलो, प्रत्येक उपभोक्ता आफैँ सचेत हुनुपर्दछ । दोस्रो, उपभोक्तालाई सचेत र जागरुक गर्ने दायित्व सरकार तथा वस्तु वा सेवा उत्पादन, आयात, सञ्चय वा बिक्री वितरण गर्ने प्रदायकहरूको हो । तेस्रो, वस्तु र सेवा उत्पादक, प्रदायक वा विक्रेताहरू उपभोक्ताप्रति जिम्मेवार हुनुपर्दछ । उपभोक्ता नभई बजार सञ्चालन नहुने हुँदा उपभोक्ता बजारका सार्वभौम हुन् ।

चौथो, बजारले उपभोक्तालाई सम्मान गर्नुपर्दछ। यिनै सिद्धान्तका आधारमा नेपालले उपभोक्ता संरक्षण ऐन, २०७५ मा उपभोक्ताका नौ अधिकारको व्यवस्था गरेको छ । नेपालको संविधान, २०७२ को धारा ४४ मा उपभोक्ता हकको व्यवस्था छ । संविधानमा गुणस्तरीय वस्तु र सेवाको उपभोग गर्न पाउनु उपभोक्ताको हक हुने र गुणस्तरहीन वस्तुको उपभोगबाट हानि नोक्सानी भएमा उपभोक्ताले क्षतिपूर्ति पाउने हक सुनिश्चित गरिएको छ । यसैगरी राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वभित्र कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने विषय समेटिएको छ । मौलिक हकसम्बन्धी कानुनका रूपमा उपभोक्ता अधिकार संरक्षण ऐन २०७५ लागू भइसकेको छ । उपभोक्ता हित संरक्षणका लागि एक दर्जनभन्दा बढी कानुन निर्माण भएका छन् ।संघ,प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य छैन ।

संघको अधिकार प्रदेश र स्थानीय तहलाई दिइएको छ । सरकारको काम नियमित बजार अनुगमन गर्नु हो । जनता नठगिउन भनेर उपभोक्ता अधिकारकर्मीको पहलपछि सरकारले उपभोक्ता अदालत गठन गरेको छ । सरकारले उपभोक्ता ठगिन नपरोस भनेर अदालत गठन गरेर आफ्नो जिम्मेवारी पूरा गरेको छ । सर्वोच्च अदालतका प्रधानन्यायाधीश प्रकाश मान सिंह राउतले उपभोक्ता अदालतको उद्घाटन गरेर उपभोक्ता न्याय माग्न जाने ठाउँ देखाएका छन । अब उपभोक्ता अधिकारकर्मीले सकृयताम देखाएमा उपभोक्ताको हितमा काम गर्न संबद्ध पक्षलाई बाध्य पार्नुपर्छ । संघ सरकारले काठमाडौं उपत्यकामा राखेको उपभोक्ता अदालत सबै प्रदेशमा गठन गर्ने अवस्था सृजना गर्न बढी भन्दा बढी उपभोक्तालाई सचेत गराउने र अधिकारका बारेमा अभियान चलाउनुपर्छ । संघले अधिकार दिएन भनेर रोइलो गर्नु भन्दा भएका अधिकार प्रयोग गरेर उपभोक्तालाई सचेत बनाउने काममा प्रदेश र स्थानीय सरकार लाग्नु पर्दछ । जनताको दैनिक जीवनसँग जोडिएको विषयमा प्रदेश र स्थानीय सरकारले बजारलाई नियमित अनुगमन गरेमा जनताप्रतिको उत्तरदायित्व निर्वाह गरेको ठहरिने छ ।

# स्तरोन्नतिको पर्खाइमा बालादेवी मन्दिर

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

पोखरा महानगरपालिका वडा नं ३३ ठूलोढुङ्गा (साविक भरतपोखरी-४) स्थित बालादेवी मन्दिर दुई सय वर्षअघिदेखिको इतिहासको साक्षी मानिन्छ ।

दुई सय वर्षअघिदेखि पूजाआजा हुँदै आएको विश्वास लिइने यस मन्दिरको स्थापनाको अनौठो किंवदन्ती छ। किंवदन्तीअनुसार आजभन्दा करिब दुई सय वर्ष अघि लेकतिरबाट एक जना महिला माइत जान भनी यसै बाटो बाटो हुँदै आएकी र रात परेकाले हालको बालादेवी मन्दिरको नजिकै रहेको ओढारमा बास बसिछन् । निज महिला गर्भवती भएको र बास बस्ने क्रममा बाघले आक्रमण गरेकाले पेट चिरिएर गर्भबाट बालिका निस्किएको किंवदन्ती छ । निज महिलालाई बाघले खाएको र बालिकालाई नागले बेरेर संरक्षण दिएको भन्ने कथन छ । केही समय पश्चात बालिका अलप भएको तर निज बालिकाको दिव्यस्वरुप त्यही नै घुमिरहेको आस्थाका आधारमा उक्त स्थानमा प्रायः बालिका रोएको तथा कराएको आवाज आउन थालेछ । बालिका रोएको र कराएको आवाज निरन्तर सुनिन थाले पछि के रहेछ भनि लामा धामीलाई ल्याई हेराइएछ । खोजी गर्दा उक्त बालिकाको आत्मा धामीमार्फत सबै घटनाको बारेमा सम्पूर्ण वृतान्त बताउनुको साथै म देवी हुँ र यसै स्थानमा मेरो मन्दिर बनाउनु भन्ने निर्देशन भएछ । पछि तिनै बालिकाको नाममा बालादेवी मन्दिर स्थापना भएको र त्यसयता निरन्तर पूजाआजा हुँदै आएको मान्यता छ ।

यसअघि विसं २०२२ मा एक पाखे सानो मन्दिर निर्माण भएकोमा विसं २०५९ मा स्थानीयवासीको सामूहिक प्रयासबाट नयाँ मन्दिर निर्माण गरिएको पूजारी वसन्तप्रसाद आचार्यले बताउनुभयो ।

उहाँका अनुसार प्रत्येक वर्षको ज्येष्ठी पूर्णिमामा स्थानीयले विशेष पूजाआजा गर्ने गरेका छन् । विभिन्न महत्पूर्ण तिथिमितिमा पनि पूजाआजा हुने गरेको उल्लेख गर्दै उहाँले प्राचीन महत्वको तीर्थस्थल भएर पनि प्रवर्द्धन हुन नसकेको बताउनुभयो । मन्दिरको संरक्षण र विकासको लागि गत असोजमा बालादेवी मन्दिर संरक्षण तथा पुनःनिर्माण समिति स्थापना भएको उहाँले जानकारी दिनुभयो । मन्दिरका लागि स्थानीय समाजसेवी मोतिप्रसाद आचार्यले जग्गा उपलब्ध गराउनुभएको समितिका सचिव राजकुमार लामिछानेले बताउनुभयो । मन्दिरमा दैवी शक्ति रहेको र श्रद्धाभक्तिपूर्वक पूजा गरेमा मनले चिताएको पुग्ने विश्वासका कारण पोखराको भरतपोखरी र आसपासका दर्शनार्थीहरू मन्दिरमा आउने गरेका छन् । "ऐतिहासिक महत्वको तीर्थस्थल भएर पनि यहाँको राम्रो प्रवर्द्धन हुन सकेको छैन", सचिव लामिछानेले भन्नुभयो, "यहाँको धार्मिक महत्वको उजार हुन सकेमा मात्रै यो समग्र कास्की जिल्लाकै महत्वपूर्ण तीर्थस्थलका रुपमा स्थापित हुनसक्ने पक्का छ ।" मन्दिरमा पूर्वाधार निर्माणका लागि योजना अघि सारिएको बताउँदै उहाँले तत्कालका लागि शौचालयलगायतका पूर्वाधार अपरिहार्य भएको बताउनुभयो । मन्दिरमा यस वर्षदेखि नवदुर्गाका अवसरमा विशेष पूजाआजा गर्ने प्रचलन सुरु गरिएको जानकारी दिँदै उहाँले आगामी वर्षमा पनि यसलाई निरन्तरता दिइने जानकारी दिनुभयो । पोखराको बिरौटा हुँदै बागमारा जाने सडकखण्डको ठूलोढुङ्गा चोकबाट नजिक पर्ने उक्त मन्दिर दर्शन सहज बनेको छ । पूर्णरुपमा कालोपत्रे सडक भएका कारण आगामी दिन यस तीर्थस्थलको महिमा र गरिमा अझै बढ्ने विश्वास लिइएको छ ।

# दूध बेचेर मासिक दुई लाख कमाइ !

**पोखरापत्र संवाददाता**
तनहुँ, २ चैत



जिल्लाको व्यास नगरपालिका-१३ स्थित बेलबास निवासी लेखनाथ बाँस्तोला विगत चार वर्षदेखि व्यावसायिक गाईपालनमा लाग्नुभएको छ। गाडी व्यवसायीसमेत रहनुभएका बाँस्तोलाले कोरोना सङ्क्रमणका बेला बन्दाबन्दी (लकडाउन) हुँदा चर्को समस्या खेप्नु परेपछि गाउँ फर्किएर पशुपालन पेसा गर्नुभएको हो ।

लकडाउन हुनुअघि गाडी व्यवसायबाट राम्रै आम्दानी हुने गरे पनि लकडाउनका कारण व्यवसाय धरासायी बनेपछि आफूले यस पेसा अँगालेको कृषक बाँस्तोला बताउनुहुन्छ । उहाँका फार्ममा अहिले २२ वटा गाई छन् । जसमध्ये १५ वटा लाइना गाईबाट दैनिक दुई सय लिटर दूध बिक्री गर्दै आउनुभएको छ । सुरुमा रु एक करोडको लगानी भएको छ", उहाँले भन्नुभयो, "मासिक रू चार लाखको दूध बिक्री गर्छु, सबै खर्च कटाएर मासिक रू दुई लाख कमाउँदै आएको छु ।"

त्यसैगरी अर्का दुग्ध व्यवसायी मेघनाथ आचार्यले नौ वटा गाईबाट दैनिक ४० लिटर दूध बिक्री गर्दै आउनुभएको छ । तेह्र वर्ष वैदेशिक रोजगारीमा रहनुभएका आचार्य स्वदेश फर्किएर गाईपालन व्यवसायमा लाग्नुभएको हो । खर्च कटाएर मासिक रू ४५ हजार कमाउँदै आएको कृषक आचार्य बताउनुहुन्छ । आफ्नो चार रोपनी र भाडामा १२ रोपनी जग्गा लिएर घाँसखेती गरेको छु", उहाँले भन्नुभयो, "सुरुमा रू दश लाख लगानी गरी थालिएको व्यवसायबाट परिवार सन्तुष्ट छौँ ।" गाउँका अधिकांश व्यक्ति पशुपालन र कृषिमा लागेपछि यस क्षेत्रको मुहार फेरिएको छ । आर्थिक क्षेत्रमा सबल बन्नुका साथै अन्यका व्यक्तिका लागि पनि गरे हुँदोरहेछ भन्ने गतिलो सन्देश यस क्षेत्रका पशुपालन कृषकले दिएका छन् । गाउँबाट दैनिक एक हजार छ सय लिटर दूध बिक्री हुँदै आएको छ । उत्पादित दूध बेलबास दुग्ध उत्पादक सहकारी संस्थामार्फत दमौली र पोखरामा बिक्री हुने गरेको छ। संस्थामा आबद्ध एक सय जना शेयर सदस्यमध्ये ६५ जना कृषकले पशुपालनबाट दुग्ध उत्पादन गर्दै आएको संस्थाका व्यवस्थापक श्रीप्रसाद साँखोले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "कृषकको खरिद मूल्यअनुरुप दैनिक रू एक लाख ३० हजार मूल्यको दूध सङ्कलन हुने गरेको छ, थोरैमा रू १५ हजारदेखि दुई लाखसम्म मासिक कमाउने गरेका छन् ।" यहाँ उत्पादित दूधमध्ये दमौलीमा रहेका दुई डिपोबाट छ सय लिटर र बाँकी एक हजार लिटर दूध सुजल डेरी पोखरामा पठाइने गरिएको छ । पोखरा नपठाई स्थानीय बजारमा नै खपत गर्न सकिए यहाँका कृषकले अझै बढी फाइदा लिनसक्ने उहाँ बताउनुहुन्छ । दूधका साथै दही, पनिर, नौनी र घ्यू पनि बिक्री गर्ने गरिएको छ । आठ जना कर्मचारीले प्रत्यक्ष रूपमा रोजगारी पाएका छन् । यस क्षेत्रका अधिकांश मानिसहरू पशुपालन गरी आत्मनिर्भर बन्न सफल भएका छन् । व्यावसायिक पशुपालन कृषकलाई राज्यले प्रोत्साहन गर्न दाना, चोकरको महँगी नियन्त्रण र उत्पादनका आधारमा अनुदानलाई प्राथमिकता दिन सके अझै प्रभावकारी हुनसक्ने संस्थाका अध्यक्ष केशवबहादुर रानाले बताउनुभयो । गाउँ नजिकै दुग्ध सङ्कलन केन्द्र रहेकाले कृषकले बिहान र बेलुका उत्पादन गरेका दूध बिक्री गर्न स्मेत सहज भएको छ। कृषकका मागबमोजिम बेलबास दुग्ध उत्पादक सहकारी संस्थालाई दुई वटा डिप फ्रिज अनुदानमा सहयोग गरिएको वडाध्यक्ष वसन्तबहादुर आलेले बताउनुभयो । उहाँले भन्नुभयो, "नगरपालिकाले उत्पादनका आधारमा कृषकलाई प्रतिलिटर दूधमा रू एक अनुदान प्रदान गर्दै आएकोमा वृद्धि गर्ने योजना बनाएको छ ।"

# स्लेट तथा ढुङ्गा खानी उत्खनन गर्न पाइने

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ चैत

मालिका गाउँपालिका-२ रुमका स्थानीयवासीले आफ्नो जग्गामा भएका स्लेट तथा ढुङ्गा खानी उत्खनन् गर्न पाउने भएका छन् । गाउँपालिकाले गाउँ सभामार्फत ढुङ्गा खानी तथा उत्खननसम्बन्धी ऐन पारित गरेपछि स्लेट खानी दर्ता गरेर सञ्चालन गर्न पाउने भएका हुन् ।

रुम गाउँको सिरानमा रहेको डुडे लेक तथा निजी जग्गा, पाखो र खरबारीमा घर छाउनी ढुङ्गा, स्लेट र औषधीजन्य जडिबुटीको खानी भएपनि सञ्चालन सम्बन्धी कार्यविधि अभावमा उत्खनन् हुन सकेका थिएनन् । ऐन पारित भएसँगै निजी जग्गामा रहेका स्लेट (ढुङ्गा) खानी दर्ता गर्ने कानुनी बाटो खुलेको हो । मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले निजी जग्गामा भएका स्लेट खानीलाई प्रक्रिया पुरा गरेर गाउँपालिकाले सञ्चालनको अनुमति दिन मिल्ने कानुनी व्यवस्था गरेको बताउनुभयो । यहाँको पाखो तथा निजी जग्गामा भएका ढुङ्गा खानीलाई व्यवस्थित गरी सञ्चालन गरेमा स्थानीयले रोजगारी पाउनुका साथै गाउँपालिकालाई समेत आम्दानी हुने स्थानीय टेकबहादुर रोकाले जानकारी दिनुभयो । "यहाँको स्लेट र ढुङ्गा गुणस्तरका हिसाबले साह्रै उत्कृष्ट छन् । प्रविधि र प्रशोधनको व्यवस्था हुने हो भने अन्तराष्ट्रिय बजारमा समेत यहाँको स्लेट अब्बल ठहरिने सम्भावना छ", उहाँले भन्नुभयो । रुमका विभिन्न ७ ठाउँमा स्लेट खानी छन् । व्यक्तिगत जग्गा र पाखोमा समेत स्लेट खानी रहेको स्थानीय जगबहादुर पुनले जानकारी दिनुभयो । केही वर्ष अघिसम्म म्याग्दी,पर्वत, बागलुङ, कास्की, स्याङ्जा, अर्घाखाँचीलगायतबाट घर छाउने ढुङ्गाको माग आउने गर्दथ्यो । सभाबाट पारित भएको ढुङ्गा खानी तथा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन ऐन, २०८१ मा स्लेट खानी सञ्चालनसम्बन्धी व्यवस्था गरिएको हो । स्थानीयवासीले ढुङ्गा खानीलाई वैधानिकता दिन माग गर्दै आएका थिए ।

# पोखरा कप पुरूष राष्ट्रिय ह्याण्डबलमा ७ टिम भिड्दै

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

प्रथम पोखरा कप राष्ट्रिय पुरुष ह्याण्डबल प्रतियोगितामा ७ टिम भिड्ने पक्का भएको छ ।

गण्डकी प्रदेश ह्याण्डबल संघको आयोजना तथा प्रदेश खेलकुद परिषद गण्डकीको प्रवर्द्धन तथा कास्की जिल्ला ह्याण्डबल संघको प्राविधिक सहयोगमा उक्त प्रतियोगिता आइतबारबाट सुरू हुँदैछ ।

करिव तीन वर्षको अन्तरालमा राष्ट्रियतस्तरको ह्याण्डबल प्रतियोगता हुन लागेको हो ।

प्रतियोगितामा आयोजक गण्डकीसहित कोशी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश, सुदुरपश्चिम प्रदेश र दुई विभागिय टोली नेपाल आर्मीको त्रिभुवन आर्मी क्लब र शसस्त्र प्रहरीको नेपाल एपिएफ क्लब भिड्ने भएका छन् । आयोजक प्रदेश ह्याण्डबल संघकी उपाध्यक्ष शान्ती थापा बैद्यका अनुसार प्रतियोगिता भोली बिहान ९ बजे पोखरा रंगशालास्थित बहुउद्देश्यिय रंगशालामा सुरू हुनेछ । लिग कम नकआउटका आधारमा सञ्चालन हुने प्रतियोगिता पहिलो दिन चार खेल हुने छन् । पहिलो दिन साढे २ बजे आयोजक र गण्डकीका बीच उद्घाटन खेल हुनेछ ।

प्रतियोगिताको उद्घाटन प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्माले उद्घाटन गर्ने तय भएको ह्याण्डबल संघका उपाध्यक्ष गिरमान गुरुङले जानकारी दिए । प्रतियोगितामा पोखरा ह्याण्डबल कप उपाधि बिजेता टिमले नगद रु १ लाख, उपविजेताले नगद ५० हजार र तेस्रो हुने टिमले नगद रु ३० हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने छन् । त्यस्तै उत्कृष्ट गोलरक्षक, उत्कृष्ट खेलाडी र सर्वाधिक गोलकर्तालाई नगद ५-५ हजारका साथमा ट्रफी तथा प्रमाणपत्र प्रदान गरिने छ । प्रतियोगिता सम्पन्न गर्न करिव १४ लाख खर्च हुने गण्डकी प्रदेश ह्याण्डबल संघले जनाएको छ ।

# विद्युतीय सवारीसाधन सञ्चालनसँगै सस्तियो पोखरा-बागलुङ 'यात्रा

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

धवलागिरि-गण्डकी यातायात सेवा प्रालिले पोखरा-बागलुङ र पेखरा म्याग्दी चल्ने विद्युतीय माइक्रो बसको भाडादर समायोजन गरेको छ ।

कम्पनीले विद्युतीय गाडी सञ्चालन गरेको एक वर्ष पुगेको अवसरमा भाडादर घटाएको हो । पोखरा-बागलुङ यसअघि रु चार सय ५० लिने गरिएकामा शुक्रबारदेखि रु ५० घटाएर रु चार सय कायम गरिएको प्रालिका अध्यक्ष उमेश केसीले जानकारी दिनुभयो । म्याग्दी-पोखराको भाडा रु पाँच सय ५० बाट घटाएर रु पाँच सय कायम गरिएको उहाँले बताउनुभयो । बागलुङदेखि पोखराका लागि गत वर्ष फागु पूर्णिमाका दिन विद्युतीय माइक्रो बस सेवा सञ्चालन गरिएको थियो । सुरुवाती चरणमा दुई वटा बसबाट सेवा सञ्चालन गरेको बागलुङ-पोखराका लागि हाल २० वटा माइक्रो बस सञ्चालनमा छन् । कम्पनीले म्याग्दीको बेनीबाट पोखराका लागि पनि पाँच वटा बस सञ्चालन गरेको छ । बागलुङ-नारायणगढका लागि पाँच वटा बस सञ्चालनमा ल्याइएको छ । विद्युतीय सवारीसाधनको माग बढेपछि कम्पनीले सेवालाई थप व्यवस्थित गराउन भाडादर घटाएको हो । विद्युतीय गाडीले वातावरण प्रदूषणमा कमी आउने, इन्धनमा लाग्ने खर्च नहुने र नेपालमै उत्पादित विद्युतको प्रयोग हुने हुँदा यो यात्राका लागि सहज र सस्तो हुने गरेको छ । पछिल्लो समय प्रदेश राजधानी पोखरासहित गण्डकीका सहरी क्षेत्रमा विद्युतीय सवारीसाधनको प्रयोग बढ्दो छ । यातायात व्यवसायीले सार्वजनिक सेवाका लागि पनि विद्युतीय सवारीसाधन भित्र्याउन थालेका छन् । प्रदूषणमुक्त र सञ्चालन खर्च कम आउने हुँदा विद्युतीय सवारीसाधनप्रति आकर्षण बढेको हो । विद्युतीय गाडी सुविधायुक्त र वातावरणमैत्री छन् । बिजुलीको नियमित उपलब्धता, चार्जिङ स्टेशन विस्तार आदिमा सरकारले ध्यान दिनुपर्ने यातायात व्यवसायीको माग छ । प्रदेशको भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयका अनुसार मझौला र साना विद्युतीय सवारीसाधान बढी प्रयोगमा आइहेका छन् ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बढ्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : आर्थिक समस्या |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।

# टेम्पल ट्रि १५ औं वर्षमा

पोखरापत्र संवाददाता
पोखरा, २ चैत



पोखराको लेकसाइडस्थित टेम्पल ट्रि रिसोर्ट एण्ड स्पाले स्थापनाको १४ वर्ष पुरा भई १५ वर्षमा प्रवेश गरेको छ। सो अवसरमा रिसोर्टले विभिन्न कार्यक्रमको आयोजना गरि मनाएको छ।

रिसोर्टमा लामो समयदेखि कार्यरत कर्मचारीहरुलाई सम्मान वर्ष उत्कृष्ट कर्मचारीलाई मेडल सहित सम्मान प्रदान गरेको छ। वर्ष उत्कृष्ट कर्मचारीको उपाधि तिर्थराज अधिकारीले पाए।

त्यसै गरी दिर्घ सेवा पुरस्कारबाट रामकृष्ण कडेल १० वर्ष तथा निर्मला विष्ट, सविन पौडेल र अमित घलेले ५ वर्षदेखि रिसोर्टमा काम गर्दै आएमा उनीहरुले दिर्घ सेवाबाट सम्मानीत भए। उनीहरुलाई रिसोर्टका अध्यक्ष बसन्त गौतम, निर्देशक प्रेम श्रेष्ठ, रञ्जनकृष्ण श्रेष्ठ लगाएतले अवार्ड सहित मायाको चिनो प्रदान गरे। रिसोर्टमा १ सय ३ जना कर्मचारी कार्यरत छन्। कार्यक्रममा रिसोर्टका अध्यक्ष बसन्त गौतमले रिसोर्टको सामाजीक उत्तरदायीत्व अन्तरगत ४ लाख रुपैया विभिन्न ठाउँमा सामाजीक सेवामा प्रयोग गर्ने बताए। उनले संञ्चालक र कर्मचारीको मेहनतले रिसोर्टले उत्कृष्ट सेवा प्रदान गर्दै आएको बताए। पाहुनाहरुलाई प्रदान गरेको सेवा, कर्मचारीहरुको मेहनत, सञ्चालकहरुको लगाव, धैर्यता तथा रिसोर्टका आफ्नैं विशेषताका कारण टेम्पल ट्री रिसोर्ट स्थापना देखी नै सफल भएको बताए। कार्यक्रममा निर्देशक प्रेमकृष्ण श्रेष्ठ, डपुटी अपरेशन म्यानेजर सुमित भण्डारी लगाएतले सबैको मिहिनेतले नै सफल भएको बताए। रिसोर्टले वार्षिकोत्सवकै अवसरमा पोखरा ६ मा रहेको निलसागर सेवा आश्रममा खाद्यान्न सहयोग गरेको छ। रिसोर्टका मानव संसाधन विभाग प्रमुख रामकृष्ण कँडेलले कार्यक्रम सञ्चालन गरेका थिए।

कार्यक्रममा रिसोर्टमा कार्यरत कर्मचारी कलाकारहरुले मनोरञ्जनात्मक कार्यक्रम प्रस्तुत गरेका थिए। आन्तरिक राजस्व कार्यालय पोखराले अघिल्लो वर्ष सबैभन्दा बढी कर दाखिला गर्ने करदाता टेम्पल ट्रि रिसोर्ट प्रालीलाई सम्मान गरेको थियो। टेम्पल ट्रि रिसोर्ट प्रालीले आर्थिक वर्ष २०७९/०८० मा १ करोड ९७ लाख ७३ हजार ७ सय ८७ रूपैयाँ राजस्व बुझाएको थियो। फेवाताल नजिकैको बुटिक रिसोर्टमा डिलक्स, सुपर डिलक्स, जुनियर स्विट र एक्जुकेटिभ स्विट विशेषताका ६८ वटा कोठाहरु रहेका छन्। रिसोर्टमा स्विमिङ पुल, ज्याकोजी, जिम, फिटनेस सेण्टर लगायतका सुविधाहरु छन्। परम्परागत गाउँले शैली झल्कने रिसोर्टका प्रत्यक कोठामा छुट्टाछुट्टै बल्कोनी रहेका छन्। बजारको विच भागमा रहेर पनि रिसोर्ट भित्रको शान्त वातावरण, सुन्दर बगैचा पाहुनाहरुको रोजाइमा पर्ने गरेको छ।

# वालिङमा 'व्याक टु नाइन्टिज'को सेकेण्ड एडिसन

पोखरापत्र संवाददाता
पोखरा, २ चैत



सांगीतिक विरासत फर्काउन पोखराबाट शुरु भएको 'व्याक टु नाइन्टिज' विरासतलाई फर्केर हेर्दा कार्यक्रम स्याङ्जाको वालिङमा भव्य रुपमा सम्पन्न भएको छ। पोखराको अपार सफलतापछि देशव्यापी अभियान शुरु गरेको 'व्याक टु नाइन्टिज'को सेकेण्ड एडिसन वालिङमा दर्शकको अभूतपूर्व साथ पाउँदै सम्पन्न भएको हो।

चेम्बर अफ कमर्स वालिङको आयोजनामा जारी 'प्रथम पिङ्क सिटी महोत्सवको अवसर पारेर आयोजित 'व्याक टु नाइन्टिज'मा करीब १० हजार दर्शक सहभागी भए। नब्बेको दशकमा उदाएर राष्ट्रिय/अन्तर्राष्ट्रिय ख्याती कमाउन सफल डि-मर्चा, लेकाली, देउराली, ब्रोसिस, मध्याह्न र भेगाबोण्ड व्याण्ड वालिङमा गुञ्जिदा दर्शकहरु मन्त्रमुग्ध भए।

साँझ करीब ५:३० बजेदेखि 'व्याक टु नाइन्टिज'का कलाकारहरुले स्टेज चढ्न शुरु गरे। कार्यक्रम सञ्चालक मनकुमार श्रेष्ठले व्याण्डहरुको नाम भन्नेवित्तिकै दर्शकहरुको सहमतिमा हुटिङ आउँथ्यो। शुरुमा स्टेज चढेका भेगावोण्ड ब्याण्डका श्यामसुङ तामाङलाई दर्शकले न्यानो माया दर्शाए। प्रस्तुतीको पहिलो गीत 'जीवन हो घामछायाँ'लाई दर्शकले उनीसँगै गीत गाएर साथ दिए। दोश्रो प्रस्तुतीको रुपमा देउराली व्याण्डका शान्तराज बज्राचार्यले 'ढुंगेसाँघुको मेलामा' गाउँदा होस् वा 'लुकीचोरी'लगायतका आधा दर्जन गीत गाउँदा दर्शक वाईल्ड भइसकेका थिए। तेश्रो प्रस्तुतीका रुपमा ब्रोसिस व्याण्डका प्रकाश रानाले 'बस सुन्दरी', 'चाईना कम्पनी'लगायत गीत गाउँदा दर्शकले भरपुर मनोरञ्जन लिए। चौथो प्रस्तुतीका रुपमा लेकाली व्याण्डका हर्कराज गुरुङ (भाई) र नविन गुरुङले 'यो मुटुमा', ' पहिलो नजर'लगायतका गीतहरु गाउँदा दर्शकको हुटिङ पायो।

पाँचौ प्रस्तुतीका रुपमा मध्याह्न व्याण्डका कर्णदासले 'मनमनै मनपराई सकेछु', ' जिन्दगीको के भरोसा'लगायतका चर्चित गीतहरु गाउँदा दर्शकहरु नोस्टाल्जिक भए। छैटौं तथा अन्तिम प्रस्तुतीका रुपमा स्टेज चढेका डि-मर्चा व्याण्डका भाष्करध्वज श्रेष्ठले 'शिवजीको बस्ती छ'बाट प्रस्तुती शुरु गर्दा दर्शकको अपार माया पायो। त्यसपछि 'यो डल्लीले हो मानिन जान', 'तारा खस्यौली' 'झ्याम्म झ्याम्म'लगायतका गीतहरु गाउँदा दर्शकले पटक/पटक वान्समोरको हुटिङ गुञ्जिरह्यो। जहाँ दर्शकले आफूलाई ९० को दशकमा फर्किएर आफू हुर्किएको समय, परिवेश र माया, पिरती साट्दाको समयसँग रिलेट गर्दै मनोरञ्जन लिएको कार्यक्रम संयोजक मनकुमार श्रेष्ठले बताए। 'विगतको समय पुर्नताजगीहुँदा उहाँहरु मज्जाले झुम्नुभयो अनि रम्नुभयो।'

वालिङमा वालिङ चेम्बर अफ कमर्सको मुख्य आयोजना, ट्रिनिटी क्लव वालिङसँगको सहकार्य र स्थानिय व्यवसायी तथा समाजसेवीहरु बिजय मल्ल, बिजयविक्रम खाँड, सुनिल खनाल, टेकबहादुर कार्की, बिरेन्द्र केसी र सोनी खानको विशेष सहयोगमा कार्यक्रम भएको हो।

वालिङको कार्यक्रमसँगै ' व्याक टु नाइन्टिज'को देशव्यापी अभियान शुरु भएको छ। 'व्याक टु नाइन्टिज'को तेश्रो एडिसनको रुपमा गोरखामा नया वर्ष २०८२ प्रारम्भको अघिल्लो साँझ चैत ३१ गते, लमजुङको बेशीसहरमा नया वर्ष २०८२ को स्वागतार्थ बैशाख १ गते हुने कार्यक्रम संयोजक मनकुमार श्रेष्ठले जानकारी दिए। त्यसलगत्तै म्याग्दीको बेनी, चितवन भरतपुरको नारायणी किनार, विराटनगर, ईलाम, विर्तामोड, भक्तपुर, ललितपुर र काठमाडौंलगायतका ठाउँमापनि गर्ने तयारीमा रहेको उनले बताए। कार्यक्रममार्फत संघले सुसुप्त अवस्थामा रहेका पुराना सांगीतिक व्याण्डहरुको पुर्नजागरण गर्ने र नया पुस्तालाई संगीतमा लागेरपनि भविष्य बनाउन सकिन्छ भन्ने सन्देश दिदै पर्यटनको राजधानी पोखरालाई रिब्राण्डिङ गर्ने, आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने, गीत, सङ्गीतमार्फत् निराशाको निवारण र आशाको धुन सञ्चार गर्नेलगायतका उद्देश्य रहेको छ। अभियानमा पोखरा महानगरपालिका प्रवर्द्धकका रुपमा रहनेछ।

# कोदोको पिठोबाट गाउँमै बिस्कुट

पोखरापत्र संवाददाता
म्याग्दी, २ चैत



यहाँको धवलागिरी गाउँपालिका-७ ताकममा कोदोको पिठोबाट बिस्कुट उत्पादन गर्न थालिएको छ।

धौलागिरी बेकरी, क्याफे एण्ड एग्रो मार्टका सञ्चालक अनिल भण्डारी र निमा छन्त्याल भण्डारीले कोदोको पिठोबाट बिस्कुट उत्पादन सुरु गर्नुभएको हो। 'ओभन मेसिन'मा पकाएर कोदोको पिठोबाट बिस्कुट उत्पादन सुरु गरेको भण्डारीले बताउनुभयो।

"कोदो फल्ने, पिस्ने, मह, उखुको खुदो, चिनी र काउलोको धुलो मिसाएर गोलो आकारको बनाएर ओभन मेसिनमा पकाएपछि ड्रायरमा सुकाउने गरेको छु," उहाँले भन्नुभयो "स्थानीय बजारका साथै घुम्न आउने पर्यटक र पाहुनाहरुले कोसेलीका रुपमा बिस्कुट लैजानुहुन्छ।" मह र उखुको खुदोबाट बनेको बिस्कुटलाई प्रति दर्जन (१२ वटा)लाई रु. दुई सय ५० र चिनी मिसाएको बिस्कुट प्रति दर्जन रु. एक सय ३० मूल्य कायम गरिएको छ। काउलोले बिस्कुट र रोटी टुक्रा पर्न दिँदैन। गुलियो बनाउन कोदोको पिठोमा मिसाइने मह र उखुको खुदो शक्तिवर्द्धक मानिन्छ। पाउरोटी र केक बनाउने क्रममा परीक्षणका लागि तयार गरेको कोदोको विस्कुट उपभोक्ताले रुचाएपछि खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट प्रयोगशाला परीक्षण गरी नियमित उत्पादनको तयारी गरेको भण्डारीले बताउनुभयो। उहाँले मागका आधारमा बिस्कुट उत्पादन गरी बिक्री गर्दै आउनुभएको छ। ३७ वर्षीय भण्डारी रोजगारीका लागि छ वर्ष मलेसिया, दुई वर्ष कतार, दुई महिना साउदी र ४५ दिन युएईमा काम गरेर फर्किनुभएको हो।

भाडाको घरमा व्यवसाय सञ्चालन गर्दै आउनुभएका उहाँले आफ्नै जग्गामा करिब रु ७५ लाख लगानीमा पूर्वाधार निर्माण गरिरहनुभएको छ। धवलागिरी गाउँपालिका-७ का वडाअध्यक्ष अशोक खत्रीले भण्डारीले बिस्कुट बनाउन थालेपछि कोदोलाई ब्रान्ड बनाउन सकिने सम्भावना देखिएकाले गुणस्तर प्रमाणित गराउन सहजीकरण गरिने बताउनुभयो। "कोदो खेती कम हुँदै आएको छ, गाउँमै उद्योग स्थापना गरी बिस्कुट उत्पादन गरेर बजारीकरण गर्दा कोदो उत्पादक किसानलाई फाइदा पुग्छ," वडाअध्यक्ष खत्रीले भन्नुभयो, "विदेशबाट आयात गरेर गहुँ, जौ र मकैको पिठोबाट बिस्कुट बनाइरहेको अवस्थामा स्थानीय कोदोबाटै बिस्कुट उत्पादन हुन थालेपछि आयात घटाउन पनि सहयोग पुग्नेछ।"

# अन्नपूर्णमा मौरी पालन तालिम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २ चैत




प्राबिधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषद्को आङ्गिक शिक्षालय अन्नपूर्ण बहुप्राबिधिक शिक्षालयको आयोजनामा सञ्चालन भएको मौरी पालन तालिम सम्पन्न भएको छ।

तालिम गएको पुस २१ गतेबाट अन्नपूर्ण गाउँपालिका ४ सल्यानमा ६५ दिन (३९० घण्टा) सम्म सञ्चालन भएको शिक्षालयका प्रमुख इन्जिनियर बिकल अधिकारीले बताए। तालिममा २० जना कृषकको सहभागिता रहेको थियो भने समापनको अवसरमा उनिहरुको लागि २० ओटा मौरीका घार गाउँपालिकाको ५० प्रतिशत अनुदानमा बितरण गरिएको शिक्षलयका प्रमुख अधिकारीले उल्लेख गरे। समापन कार्यक्रममा बौल्दै अन्नपूर्ण गाउँपलिकाका अध्यक्ष बिष्णुबहादुर केसीले गाउँपालिकाले कृषि र पशुपालन शिक्षामा जोड दिइएको बताए।उनले अन्नपूर्ण बहुप्राबिधिक शिक्षालयमा अन्नपूर्ण गाउँपालिका भित्रका एसइई उत्तिर्ण बिद्यार्थीलाई ३ बर्षे पशुबिज्ञान र ३ बर्षे बालि बिज्ञान पूर्ण रुपमा निशुल्क रहेको बताउदै उक्त खर्च गाउँपालिकाले ब्यहोर्ने जनाउदै गाउँपालिका बाहिरका बिद्यार्थीको लागि ३ बर्षको ५० हजार लाग्ने जनाए। अन्नपूर्ण गाउँपालिकाका प्रवक्ता तथा वडा ७ का वडा अध्यक्ष भरतमान गुरुङले यस क्षेत्रलाई मौरीपालन पकट क्षेत्र बनाउनु पर्नेमा जोड दिए।उनले तालिम पश्चात त्यसलाई ब्यवसायको रुपमा रुपान्तरण गर्न आग्रह गरे। प्रशिक्षक जगन्नाथ पौडेलले मौरी पालनको लागि आवश्यक पर्ने पक्षहरुको जानकारी दिदै मौरीमा लाग्ने रोग, निराकरणका उपायहरु,मौरीका स्वाभाव र प्रकार,मौरीको घार लगाएतका बिषयमा तालिम प्रदान गरिएको बताए। कार्यक्रममा वडा ४ का वडा सदश्य पशुपति केसी,प्रशिक्षार्थी लगाएतले मौरी पालन तालिमको महत्वको बारेमा भनाई राखेको थिए।

# कोरला नाकामा आन्तरिक पर्यटकको आकर्षण

सुन्दरकुमार थकाली
पोखरा, २ चैत/रासस



पछिल्लो समय नेपाली स्वदेशी पर्यटकका लागि उत्तरी चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको उत्तरी कोरला नाका निकै चर्चामा छ।

कोरला नाकामा पुगेर त्यहाँको दजगजा सीमास्तम्भमा फोटो खिच्नेदेखि नेपाली भूमिबाट उत्तरतर्फ अवस्थित चीनको स्वशासित क्षेत्र तिब्बतको पठार भूमिमा निर्माण भइसकेका भव्य संरचना अवलोकन गर्ने नेपाली स्वदेशी पर्यटकको क्रेज ह्वात्तै बढेको छ। त्यसो त चीनसँग सिमाना जोडिएको कोरला नाका क्षेत्रको पठार भूमि र त्यहाँबाट देखिन मनोरम दृष्यहरूले त्यहाँ पुग्ने जोकोही पर्यटक माहित नहुने त कुरै भएन। त्यसैका कारण गर्मीयाम सुरू भएसँगै अहिले दैनिक एक सयभन्दा बढी मात्रामा नेपालका स्वदेशी पर्यटक कोरला नाकासम्म पुगेर फर्किने गरेका छन्। भारतीय नाकाबन्दीपछि एकाएक निकै नै चर्चामा आएको कोरला नाका पुगेर फर्किनेको ताँतीनै लाग्ने गरेको छ। जसका कारण उपल्लो मुस्ताङका पर्यटन व्यवसाय निक्कै नै उत्साहित भइरहेका छन्।

भारतीय नाकाबन्दी अघि गुमनाम रहेको उत्तरी कोरला नाकाले चर्चा जति बेला पायो, त्यसको कारण थियो उत्तर/दक्षिण जोड्ने राष्ट्रिय गौरवको (बेनी-जोमसोम-कोरला) सडक आयोजना। तत्कालीन सरकारले उत्तरी नाकाहरूमा पनि व्यापारिक मार्ग खोल्नुपर्ने योजना बनाएपछि आर्थिक वर्ष २०७३/०७४ सालदेखि (बेनी-जोमसोम-कोरला)सडकस्तरोन्नतिसुरूआत गरिएको थियो। दुई सय दुई किमी बेनी-जोमसोम-कोरला) सडकअन्तर्गत करिब १०५ किलोमिटर कालोपत्र भइसकेको र बाँकी ९९ किलोमिटर सडक ग्राभेल भइसकेकाले नेपाली पर्यटकलाई कोरला नाकासम्म पुग्न निकैनै सहज भइसकेको छ। जसका कारण नेपाली पर्यटक बस, जीप र मोटरसाइकल यात्रा गर्दै कोरला नाकासम्म पुग्न गरेका हुन्।

बेनी-जोमसोम सडक ७४ किमी र जोमसोम-कोरला ११० किमी सडक एकदिनमै कोरला नाकासम्म पुग्न सक्छन्। सडक सहज भइसकेकाले नेपाली युवायुवतीको कोरला नाकामा लर्कोनै लाग्ने गरेको लोमान्थाङ गाउँपालिकाका प्रशासन प्रमुख विकास केसीले जानकारी दिनुभयो। कोरला नाका अवलोकन गर्ने पर्यटकका कारण उपल्लो मुस्ताङको पर्यटन व्यवसायलाई निकै ठूलो टेवा पुगेको प्रशासन प्रमुख केसीको भनाइ छ। शुक्रबार कोरला नाकाको अवलोकन गरी फर्किएका पोखरा माधव क्षेत्रीले कोरला नाकालाई नेपाल सरकारले व्यवस्थित तुल्याउन आवश्यक रहेको औंल्याउनुभयो। "सडकको अवस्थामा निकै राम्रो सुधार भएको पायौं, यति ठूलो नाकामा पर्यटक तथा स्थानीय नागरिकको सुविधाका लागि भरपर्दो पूर्वाधार भएको पाइएन", क्षेत्रीले भन्नुभयो, "चीनतर्फ लोभलाग्दो भव्य संरचना बनिसकेको रहेछ, हाम्रोतिर खै कहिले बन्ने ?।"

स्याङ्जाका अर्को पर्यटक रामजी पौडेलले उत्तरी कोरला नाका पर्यटन र नेपाल-चीनको व्यापारिक मार्ग भएकाले त्यहाँ अथाह सम्भावना रहेको कोरला नाकाबाट चीनको मानसरोवर यही नाकाबाट पुग्न छिटो र सजिलो भएकाले यसतर्फ सरकारले अग्रसरता देखाउन आवश्यकता रहेको औंल्याउनुभयो। राष्ट्रिय गौरवको कारला सडक स्तरोन्नतिसँगै उपल्लो मुस्ताङमा नेपाली स्वदेशी पर्यटकको आगमनदर बर्सेनि वृद्धि भइरहेको एक्याप लोमान्थाङका कार्यालय प्रमुख उमेश पौडेलले जानकारी दिनुभयो। कोरला क्रेजका कारण पर्यटक बढेसँगै उपल्लो मुस्ताङमा स्तरीय सुविधा सम्पन्न होटल थपिँदै जान थालेको कार्यालय प्रमुख पौडेलले उल्लेख गनुभयो।

त्यसो त मुस्ताङमा बर्सेनि पाँच लाख बढी स्वदेशी पर्यटक मुक्तिनाथको दर्शन गर्न आउँछन्। जसमध्ये एक तिहाइको सङ्ख्यामा स्वदेशी पर्यटक कोरला नाकासम्म पुगेर फर्किने गरेको प्रहरीको तथ्याङ्कमा उल्लेख छ। (नेपाल-चीन) कोरला नाका गत वर्षको कात्तिक २७ गते उपल्लो मुस्ताङका नागरिकका लागि खुला गरेको थियो। कोरलास्थित तिब्बती बजारमा पुगेर मालसामान किनमेल गर्न चीन पक्षले कोरला नाका खुला गरेको हो। त्यसो त चीन पक्षले दीर्घकालीन रूपमा कोरला नाकालाई व्यापारिक ट्रान्जिट प्वाइट बनाउने उद्देश्यले चीनले आफ्नो भूमिमा दर्जनौं भव्य प्रशासनिक भौतिक संरचना निर्माण गरिसकेको छ। नाका खुले पनि सरकारले भन्सार र अध्यागमन कार्यालयको गतिविधि सक्रिय बनाउन नसक्दा त्यहाँका स्थानीय नागरिक तथा पर्यटकलाई समस्याको विषय बनेको छ। कोरला नाकामा पुग्ने पर्यटकका लागि खाजानास्ता खाने ठाउँका साथै, शौचालय नहुँदा निकै समस्या हुने गरेको छ। यस्तै उपल्लो मुस्ताङका नागरिकलाई कोरला नाकामा व्यावसायिक सुविधाजनक पूर्वाधार निर्माण गर्न नसक्दा त्यहाँ व्यापार गरी बसेका स्थानीयले त्रिपालमै बसेर व्यापार व्यवसाय चलाउँदै आइरहेका छन्।

चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको कोरला नाका अवलोकनका लागि बर्सेनि स्वदेशी पर्यटकको लर्को लागेपनि विदेशी पर्यटक उपल्लो मुस्ताङ जान सक्दैन। सरकारले अन्नपूर्ण संरक्षित क्षेत्रअन्तर्गत रहेको उपल्लो मुस्ताङ जान पाँच सय डलर शुल्क तिरेर १० दिनको प्रवेश अनुमति पाउँछन्। यसैका कारण उपल्लो मुस्ताङ जाने विदेशी पर्यटकको सख्या निकै नै न्यून रहेको छ। मुस्ताङ भित्रिएका विदेशी पर्यटकको तथ्याङ्कअनुसार बर्सेनि एक लाख .भन्दा बढी पर्यटकले मुस्ताङ भ्रमण गर्दा करिब तीन प्रतिशत मात्रै पर्यटक उपल्लो मुस्ताङको भ्रमण गर्ने गरेको एक्यापको तथ्याङ्कमा उल्लेख छ।